# मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड

**केन्द्रीय कार्यालय, सिद्धार्थनगर ५, रुपन्देही**

(नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त "घ"वर्गको संस्था (प्रदेश ५ कार्यक्षेत्र भएको)

फोन नं. ०७१-५८७३१६/५८७३१७, इमेल : manakamanalbs@gmail.com

## चौथो वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्युट)

(कम्पनी ऐन २०६३ को दफा ७५ को उपदफा ३ को प्रयोजनको लागि तयार गरिएको विवरण)

### १. वैधानिक सभा

मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको २०७८ मंसीर २४ मा बसेको संचालक समितिको ६७ औं बैठकले निर्णय गरे अनुसार कम्पनी ऐन २०६३ र मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. को नियमावलीको परिच्छेद ३ को दफा १८ बमोजिम वोलाईएको चौथो वार्षिक साधारण सभा  वित्तीय संस्थाको संचालक समितिका अध्यक्ष श्री अजय गोयनकाज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय र स्थानमा बसी तपशील बमोजिमको प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु सहित समापन भयो ।

### २. सभाको सूचना

मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको चौथो बार्षिक साधारणसभा सम्बन्धी सूचना कम्पनी ऐन २०६३ को  दफा ६७ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम १८ को उपनियम (३) बमोजिम मिति २०७८/०८/२६ र २०७७/०९/०४ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने मिति, स्थान, समय र छलफलका सामान्य तथा विशेष प्रस्तावहरु सहितको सूचना प्रकाशित गरिएको थियो । साथै संचालक समितिले साधारण सभामा प्रस्तुत गर्ने प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन र प्रस्तावहरु समावेश भएको मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्थाको वार्षिक प्रतिवेदन शेयर सदस्यको इमेल ठेगानामा पठाउनुको साथै वित्तीय संस्थाको वेभसाईट  www. Manakamanalbs .com मा समेत राखिएको थियो । साथै कोभिड १९ महामारीका कारण भौतिक उपस्थितिलाई कम गर्ने उद्देश्यले जुम प्रविधिबाट सभामा सहभागिता गराउन शेयरधनीको उपलब्ध मोबाईल नम्बरमा जुम आइडी र पासवर्ड म्यासेजमा पठाइएको थियो ।

**३. सभा संचालन मिति, समय र स्थानः**

मिति : २०७८ साल पौष १९ गते सोमबार (तदनुसार जनवरी ३, २०२२)

समय : शुरुवात : अपरान्हको २:३० बजे र समापन : ४.०५ बजे ।

स्थान : होटल पौवा, सिद्धार्थनगर ६, रुपन्देही ।

**४. उपस्थिति :**

वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभामा तपसिल बमोजिमका सञ्चालकहरुको उपस्थिति रहेको थियो ।

**संचालक समिति**

१. श्री अजय गोयनका, अध्यक्ष

२. श्री अभिषेक बेरिवाल, संचालक

३. श्री प्रदिपकुमार सुद्रनिया, संचालक

४. श्री अच्युत पन्त, व्यवसायिक/स्वतन्त्र संचालक

५. श्री शान्ति चौधरी, संचालक

**आमन्त्रित, पर्यवेक्षक र कर्मचारी**

१. श्री देवसिंह बिष्ट, प्रमुख कार्यकारी अधिकृत

२. श्री कुलमणि ज्ञवाली, नायव प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

३. श्री राजकुमार सुवेदी, का.मु. सहायक प्रबन्धक

४. श्री लक्ष्मण भट्टराई, सहायक प्रबन्धक

५. श्री तिलकराम भण्डारी, का.मु. बरिष्ठ अधिकृत

६. श्री पदमप्रसाद घिमिरे, का.मु. बरिष्ठ अधिकृत

७. श्री मदन चोहान, का.मु. कनिष्ठ अधिकृत

८. श्री पार्वता डाँगी, का.मु. कनिष्ठ अधिकृत

९. श्री ईश्वरी चौधरी, का.मु. कनिष्ठ अधिकृत

१०. श्री लक्ष्मी वली, बरिष्ठ सहायक

११. श्री सेनन गुरुङ्ग, सहायक

१२. श्री चन्द्रावती चौधरी, कार्यालय सहयोगी

१३. श्री कमलप्रसाद नेपाल, प्रमुख कार्यकारी अधिकृत-एनएमबी क्यापिटल लिमिटेड

१४. अधिवक्ता श्री धर्मबहादुर खड्का, निर्वाचन अधिकृत

**शेयरधनीको उपस्थिति**

शेयरधनीको स्वयम् उपस्थिति २६ जना

प्रोक्सी मार्फत उपस्थिति : १५५

जम्मा शेयरको सभामा प्रतिनिधित्व : ७,५६,४४६ कित्ता (६२.४४ प्रतिशत)

**५. साधारणसभाका प्रस्तावहरु**

**क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आर्थिक वर्ष २०७७/०७८ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने । साथै, साविक स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको आर्थिक वर्ष २०७७/०७८ को मिति २०७७/०४/०१ देखि २०७७/०४/१० गते सम्मको लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. साविक स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको आर्थिक वर्ष २०७७/०७८ को मिति २०७७/०४/०१ देखि २०७७/०४/१० गतेसम्मको कारोवारको लेखापरीक्षण गर्नकालागि नियुक्त लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

४. लेखा परीक्षण समितिको सिफारिश बमोजिम वित्तीय संस्थाको आर्थिक वर्ष २०७८/०७९ को लेखा परीक्षण गर्नकालागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । ( हाल बहालवाला लेखापरीक्षक पुन: नियुक्तिकालागि योग्य हुनुहुन्छ ।)

५. वित्तीय संस्थाको सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकको निर्वाचन गर्ने ।

**ख) बिशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७७/०७८ को खुद मुनाफाबाट वित्तीय संस्थाको हाल कायम चुक्ता पुँजी रु. १२,११,५०,०००/- को १७ प्रतिशतले हुन आउने रकम रु. २,०५,९५,५००/- (अक्षरेपी दुई करोड पाँच लाख पन्चानब्बे हजार पाँच सय मात्र) बराबरको वोनश शेयर जारी गर्ने ।

२. बोनश शेयर जारी गरे पश्चात वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही हदसम्म जारी तथा चुक्ता पूँजी कायम गर्न वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६(ख) र ६(ग) मा संशोधन गर्ने ।

३. वित्तीय संस्थाको नियमावलीको नियम ३२ को १ (ख) र १ (ग) संसोधन गर्ने ।

४. यस मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई गाभ्न गाभिन वा प्राप्ति गर्न वा अन्य लघुवित्त वित्तीय संस्था संग गाभिनका लागि उपयुक्त देखिएमा गाभ्ने, गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्न गराउन तथा सो सम्बन्धी आवश्यक निर्णय गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा प्रस्ताव गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन, परिमार्जन वा थपघट गर्न निर्देशन भएमा सोही बमोजिम गर्न गराउन वित्तीय संस्थाको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध ।**

**६. साधारण सभाको वैधानिकता**

कम्पनी ऐन २०६३ तथा यस वित्तीय संस्थाको नियमावली बमोजिमको प्रकृया पुरा गरी यो सभा वोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार बार्षिक साधारण सभाको गणपुरक संख्या वांडफांड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरि कुल शेयरधनिहरु मध्ये कम्तीमा ३ जना स्वयं वा प्रोक्सी मार्फत उपस्थिति हुनुपर्ने प्रावधान रहेकोमा साधारण सभामा राखिएको उपस्थिति पुस्तिका बमोजिम शेयर सदस्यको उपस्थिति संख्या स्वयम् २६ जना र प्रोक्सीमार्फत १५५ जना गरी जम्मा उपस्थिति १८१ जना रहेको र यसले कुल ६२.४४ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने हुनाले आजको सभाको गणपुरक संख्या पुगेको जानकारी गराउँदै आजको चौथो वार्षिक साधारण सभाले वैधानिकता पाउनको लागि सवै प्रकृया पुरा भएको जानकारी

कम्पनी सचिव कुलमणि ज्ञवालीले गराउनु भयो । तत्पश्चात वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभाको अध्यक्षता संचालक समितिका अध्यक्ष श्री अजय गोयनकाज्यू ले गर्नुभयो । साथै क्रमश: सम्पुर्ण संचालक तथा शेयरधनीहरुले आसन ग्रहण गर्नुभयो । सभाका अध्यक्ष तथा संचालक समितिका अध्यक्ष ज्यूले पानसमा बत्ती बालेर बार्षिक साधारण सभाको उद्घाटन गर्दै विधिवत: प्रकृया शुरु गरियो ।

**७. प्रमुख कार्यकारी अधिकृतबाट स्वागत मन्तब्य तथा कम्पनीको बारेमा संक्षिप्त जानकारी :**

सम्पूर्ण उपस्थित महानुभावहरुलाई वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभामा प्रमुख कार्यकारी अधिकृत श्री देव सिंह विष्टले स्वागत गर्नुभयो । उहाँले वित्तीय संस्थाले लुम्बिनी प्रदेशका १० जिल्लामा ३७ वटा शाखा कार्यालयहरु मार्फत गरीवीको रेखामुनि रहेका विपन्न समुदायलाई सामुहिक जमानीमा कर्जा लगानी भई रहेको जानकारी दिनुभयो । हाल बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा प्रवाह रोकिएको र कर्जाको ब्याजदर बढेको हुँदा लागत बढ्न गई अपेक्षा अनुसार ब्यवसाय विस्तार हुन र लक्ष्य अनुसारको उपलब्धि हासिल गर्न चुनौति रहेको उल्लेख गर्नुभयो ।

सभाको औपचारिक कार्यक्रमलाई अगाडि बढाउने क्रममा संचालक समितिको तर्फबाट वित्तीय संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न कम्पनी सचिवले सभाध्यक्षज्यूलाई आग्रह गर्नुभयो । संचालक समितिको तर्फबाट सभा अध्यक्षज्यूले वित्तीय संस्था को आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो । सभाध्यक्षज्यूको प्रतिवेदन पश्चात सभाध्यक्षको आज्ञाले कम्पनी सचिवले लेखापरीक्षकको प्रतिवेदन, आ.व. २०७७/७८ को वासलात, नाफा नोक्सान, नगद प्रवाह तथा अन्य सम्वन्धित अनुसूचिहरुमा छलफल, जिज्ञासा, सुझाव तथा टिप्पणी गर्न आग्रह गर्नुभयो ।

**८. शेयरधनी महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

साधारण सभामा शेयरधनीज्यूहरुको प्रतिनिधित्व गर्दै संचालक ज्यूहरुले देशब्यापी रुपमा फैलिएको कोभिड महामारीले पारेको असर संस्थामा पर्न नदिन ध्यान दिनुपर्नेमा जोड दिनुभएको थियो । उहाँहरुले संस्थाको प्रगतिको शुभकामना ब्यक्त गर्दै भविष्यमा राम्रो लाभांस बाड्न सक्ने गरी ब्यवसाय विस्तार गर्न आग्रह गर्नुभएको थियो ।

**९. शेयरधनी महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावको प्रत्युत्तर**

उल्लेखित जिज्ञासा टिप्पणी तथा प्रश्नहरुको लागि शेयरधनीहरुलाई धन्यवाद दिदै सभाध्यक्षज्यूले शेयरधनी महानुभावहरुले दिनु भएको हौसला तथा सकरात्मक प्रतिकृयाले संस्थालाई अगाडि बढाउन थप प्रेरणा मिलेको बताउनु भयो र सुझाव कार्यान्वयनमा ल्याइने जानकारी दिनुभयो । शेयरधनी महानुभावहरुले उठाउनु भएका प्रश्न, जिज्ञासा र सुझाव पश्चात सभाध्यक्षको आज्ञाले कम्पनी सचिवले साधारण सभाका प्रस्तावहरु बुँदागत रुपमा निर्णयार्थ सभामा पेश गर्नुभयो ।

**१०. साधारण सभाको निर्णय:**

क) सामान्य प्रस्तावहरुको सन्दर्भमा:

**प्रस्ताव नं १.**

संचालक समितिको तर्फवाट अध्यक्षज्यूले पेश गर्नुहुने आ. व. २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**निर्णय:**

प्रस्ताव नं. १ मा छलफल गर्दा समितिका अध्यक्ष श्री अजय गोयनकाज्यूले संचालक समितिको तर्फवाट सभामा प्रस्तुत गर्नु भएको वित्तीय संस्थाको आर्थिक वर्ष २०७७/७८ को बार्षिक प्रतिवेदन सभाबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २.**

लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने । साथै, साविक स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको आर्थिक वर्ष २०७७/०७८ को मिति २०७७/०४/०१ देखि २०७७/०४/१० गते सम्मको लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

**निर्णय:**

प्रस्ताव नं. २ बमोजिम यस वित्तीय संस्था लि.को आ.ब.२०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, सोहि अवधिको नाफा नोक्सान, हिसाव तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु र साविक स्मार्ट लघुवित्त वित्तीय संस्था लि. को आर्थिक

वर्ष २०७७/०७८ को मिति २०७७/०४/०१ देखि २०७७/०४/१० गते सम्मको लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने सम्बन्धी प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत हुंदा उपस्थित शेयरधनी महानुभावहरुबाट उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३.**

साविक स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको आर्थिक वर्ष २०७७/०७८ को मिति २०७७/०४/०१ देखि २०७७/०४/१० गतेसम्मको कारोवारको लेखापरीक्षण गर्नका लागि नियुक्त लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

**निर्णयः**

प्रस्ताव नं. ३ बमोजिम आर्थिक वर्ष २०७७/०७८ को मिति २०७७/०४/०१ देखि २०७७/०४/१० गतेसम्मको कारोवारको लेखापरीक्षण लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक सम्बन्धमा साविकको संचालक समितिले गरेको निर्णय अनुमोदनका सम्बन्धमा छलफल हुँदा लेखापरीक्षक के. खत्री एण्ड एशोसिएसट्स (कैलाश खत्री, चार्टर्ड एकाउण्टेण्ट) को नियुक्ति र निजलाई पारिश्रमिक रु.२०,०००/- अक्षरेपी बीस हजार रुपैयाँ मात्र (करसहित) उपलब्ध गराइएकोमा सो को सर्वसम्मत अनुमोदन गर्ने निर्णय भयो ।

**प्रस्ताव नं ४.**

लेखापरीक्षण समितिको सिफारिश बमोजिम वित्तीय संस्थाको आर्थिक वर्ष २०७८/०७९ को लेखा परीक्षण गर्नकालागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ ।)

**निर्णयः**

प्रस्ताव नं. ४ मा छफफल हुँदा यस मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको चालु आर्थिक बर्ष २०७८/०७९ को लेखा परीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक सम्बन्धमा छलफल गर्दा इन्द्रप्रसाद मैनाली, चार्टर्ड एकाउण्टेण्ट (आई.पी. मैनाली एण्ड एशोसिएसट्स) काठमाण्डौंलाई नियुक्ति गर्ने र निजलाई पारिश्रमिक रु.३,००,०००/- कर बाहेक उपलब्ध गराउने प्रस्ताव सर्वसम्मत पारित गर्ने निर्णय भयो ।

**प्रस्ताव नं ५.**

वित्तीय संस्थाको सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकको निर्वाचन गर्ने ।

**निर्णय :**

प्रस्ताव नं. ५ बमोजिम संचालक समितिमा समुह ख सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रनिनिधित्व गर्ने २ जना संचालकहरुको निर्वाचन गर्नका लागि अधिवक्ता श्री धर्मबहादुर खड्का निर्वाचन अधिकृतको रुपमा नियुक्त हुनुभएको र संचालक निर्देशिका २०७८ अनुसार निर्वाचन कार्यतालिका प्रकाशित गरी निर्वाचन प्रकृया संचालन गरिएकोमा निर्वाचन प्रकृयाबाट तपसिल बमोजिमका दुई जना सर्वसाधारण शेयरधनीहरु संचालकमा निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृतले घोषणा गर्नुभयो ।

१. श्री डोलाराम घिमिरे

२. श्री सगुन शाक्य

उपरोक्त अनुसार निर्वाचित संचालकज्यूहरुलाई निर्वाचन अधिकृत श्री धर्मबहादुर खड्काज्यूले प्रमाणपत्र प्रदान गर्नुभयो । अन्य उपस्थित शेयरधनीहरुबाट नवनिर्वाचित संचालकहरुलाई बधाई ज्ञापन गरियो ।

**ख) विशेष प्रस्ताव :**

**प्रस्ताव नं १.**

सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७७/०७८ को खुद मुनाफाबाट वित्तीय संस्थाको हाल कायम चुक्ता पुँजी रु. १२,११,५०,०००/- को १७ प्रतिशतले हुन आउने रकम रु. २,०५,९५,५००/- (अक्षरेपी दुई करोड पाँच लाख पन्चानब्बे हजार पाँच सय मात्र) बराबरको वोनश शेयर जारी गर्ने ।

**निर्णय:**

प्रस्ताव नं. १ अनुसार यस संस्थाको सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम आर्थिक वर्ष २०७७/०७८ को खुद मुनाफाबाट वित्तीय संस्थाको हाल कायम चुक्ता पुँजी रु. १२,११,५०,०००/- को १७ प्रतिशतले हुन आउने रकम रु. २,०५,९५,५००/- (अक्षरेपी दुई करोड पाँच लाख पन्चानब्बे

हजार पाँच सय मात्र) बराबरको बोनश शेयर जारी गर्नका लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भएको हुँदा उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २.**

बोनश शेयर जारी गरे पश्चात वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही हदसम्म जारी तथा चुक्ता पूँजी कायम गर्न वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६ (ख) र ६ (ग) मा संशोधन गर्ने ।

**निर्णय:**

प्रस्ताव नं. २ अनुसार बोनश शेयर जारी गरे पश्चात वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही हदसम्म जारी तथा चुक्ता पूँजी कायम गर्न वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६ (ख) र ६ (ग) तपसिल बमोजिमको तीन महले विवरण अनुसार संशोधन गर्ने निर्णय भयो ।

| क्र.सं | दफा | उपदफा | प्रबन्धपत्रमा भइरहेको ब्यवस्था | संसोधित ब्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|
| १. | ६ | ख | वित्तीय संस्थाको जारी पूँजी रु. १२,११,५०,०००/- (अक्षरेपी रु.वाह्र करोड एघार लाख पचास हजार मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका १२,११,५०० (वाह्र लाख एघार हजार पाँच सय मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको जारी पूँजी रु. १४,१७,४५,५००/- (अक्षरेपी चौध करोड सत्र लाख पैतालिस हजार पाँच सय मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका १४,१७,४५५ ( चौध लाख सत्र हजार चार सय पचपन्न) थान साधारण शेयरमा विभाजन गरिएको छ । | बोनश शेयर जारी पश्चात संस्थाको पूँजी बृद्धि भएकोले । |
| २. | ६ | ग | वित्तीय संस्थाको संस्थापकहरुले चुक्ता गर्न कबुल गरेको पूँजी रु.८,२२,५०,०००/- (अक्षरेपी रु. आठ करोड बाईस लाख पचास हजार मात्र) हुनेछ । | वित्तीय संस्थाको चुक्ता पूँजी रु.१४,१७,४५,५००/- (अक्षरेपी चौध करोड सत्र लाख पैतालिस हजार पाँच सय मात्र) हुनेछ । जसमध्ये संस्थापकहरुको रु.९,६२,३२,५००/- ( | सर्बसाधारणलाई छुट्याइएको शेयरको सार्वजनिक निष्काशन पश्चात १७ प्रतिशत बोनश |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अक्षरेपी नौ करोड बैसठ्ठी लाख बत्तीस हजार पाँच सय मात्र) र सर्वसाधारण समुहको रु.४,५५,१३,०००/- (अक्षरेपी चार करोड पचपन्न लाख तेह्र हजार मात्र) हुनेछ । | शेयर जारी गर्दा संस्थाको पूँजी बृद्धि भएकोले । |

**प्रस्ताव नं ३.**

वित्तीय संस्थाको नियमावलीको नियम ३२ को १ (ख) र १ (ग) संसोधन गर्ने ।

**निर्णयः**

प्रस्ताव नं. २ अनुसार चौथो बार्षिक साधारण सभामा पेश गरिएको संस्थाको नियमावलीको ३२ को १ (ख) र १ (ग) मा संसोधन सम्बन्धि तीन महले विवरण बमोजिम संशोधन गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित गर्ने निर्णय भयो ।

**क. नियमावलीमा गरिएको संसोधन**

| क. सं | दफा | उपदफा | नियमावली भइरहेको व्यवस्था | संसोधित व्यवस्था | थप/संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|
| १ | ३२ | १. ख | संचालक समितिमा उपस्थित भए वापत अध्यक्षले रु.२०००। र अन्य संचालकले पाउने प्रति वैठक भत्ता रु.१५००। हुनेछ । तर यस्तो व्यवस्था ने.रा.वैंकवाट वित्तीय कारोवार गर्न अन्तिम स्वीकृति प्राप्त पश्चात मात्र लागु हुनेछ । | संचालक समितिमा उपस्थित भए वापत अध्यक्षले रु.६,०००।- र अन्य संचालकले पाउने प्रति वैठक भत्ता रु.५,०००।- हुनेछ । | संचालक समितिको बैठक भत्ता समय सापेक्ष निर्धारण गर्नु पर्ने भएकोले । |
| २ | ३२ | १ ग. | वित्तीय संस्थाको कामको सिलसिलामा संचालकलाइ प्रदान गरिने दैनिक तथा भ्रमण | वित्तीय संस्थाको कामको सिलसिलामा संचालकलाइ प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता | संचालकहरुलाई भ्रमण गर्दा हुने खर्च समय सापेक्ष |

...लघुवित्त वित्तीय संस्था लिमिटेड ... २०७४ ... केन्द्रीय कार्यालय: ...

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भत्ता देहाय वमोजिम हुनेछ :<br>अ. स्वदेशमा दैनिक भत्ता रु.१५००।-<br>आ. भारतमा दैनिक भत्ता भा.रु. १५००।-<br>इ. भारत वाहेक अन्य विदेशी मुलुकमा अमेरिकी डलर १००।-<br>ई. भ्रमण/यातायात खर्च विल वमोजिम | देहाय वमोजिम हुनेछ :<br>अ. स्वदेशमा दैनिक भत्ता रु.४,०००।-<br>आ. भारतमा दैनिक भत्ता भा.रु. ४,०००।-<br>इ. भारत वाहेक सार्क मूलुकमा दैनिक भत्ता अमेरिकी डलर १५०।-<br>ई.सार्क मुलुक वाहेकका अन्य मुलुकहरुमा दैनिक भत्ता अमेरिकी डलर २००।-<br>उ. भ्रमण/यातायात खर्च विल वमोजिम | निर्धारण गर्नु पर्ने भएकोले । |

**प्रस्ताव नं ४.**

यस मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई गाभ्न गाभिन वा प्राप्ति गर्न वा अन्य लघुवित्त वित्तीय संस्थासंग गाभिनका लागि उपयुक्त देखिएमा गाभ्ने, गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्न गराउन तथा सो सम्बन्धी आवश्यक निर्णय गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**निर्णयः**

बिशेष प्रस्ताव नं. ४ अनुसार साधारण सभामा पेश भएको यस मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई गाभ्न गाभिन वा प्राप्ति गर्न वा अन्य लघुवित्त वित्तीय संस्थासंग गाभिनका लागि उपयुक्त देखिएमा गाभ्ने, गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्न गराउन तथा सो सम्बन्धी आवश्यक निर्णय गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धि प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो ।

**प्रस्ताव नं ५.**

वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा प्रस्ताव गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन, परिमार्जन वा थपघट गर्न निर्देशन भएमा सोही बमोजिम गर्न गराउन वित्तीय संस्थाको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**निर्णय:**

विशेष प्रस्ताव अर्न्तगतको प्रस्ताव नं. ५ मा छलफल गर्दा चौथो बार्षिक साधारण सभाबाट पारित भएको बिशेष प्रस्तावहरु तथा नियमावलीमा गरिएको संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक वा कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियमनकारी निकायहरुवाट स्वीकृति लिने, अभिलेख गर्ने क्रममा वा अन्य कुनै विषयमा संशोधन वा परिमार्जन वा थपघट गर्न निर्देशन भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धि प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**ग) विविध :**

**निर्णय:**

विविध अन्तर्गत कुनै प्रस्ताव नरहेको जानकारी साधारण सभामा दिईयो ।

**११. धन्यवाद ज्ञापन तथा चौथो वार्षिक साधारण सभाको समापन**

पूर्व निर्धारित विषयसूचीहरू उपरको छलफलको क्रम समाप्त भएकोले सभाध्यक्षज्यूले वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरु, व्यवस्थापन तथा कर्मचारीहरु, सञ्चारजगत लगायतलाई धन्यवाद ज्ञापन गर्नुभयो र औपचारिक रुपमा चौथो बार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

..................

**कुलमणि ज्ञवाली**

**कम्पनी सचिव**

..................

**अजय गोयनका**

**अध्यक्ष**